

annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक २६, पृष्ठ ८ | काठमाडौं, मंगलबार १२ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष दशमी, नेपाल संवत् ११४६ | TUESDAY, MAY 26, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०





टिप्पणी

# रविको दिल्ली नजर

## सामान्य शिष्टाचार मात्र होइन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) शक्तिशाली राजनीतिक शक्तिका रूपमा उदाएपछि पार्टी सभापति रवि लामिछानेको आगामी भारत भ्रमण कूटनीतिक र आन्तरिक राजनीतिका दृष्टिले निकै महत्वपूर्ण देखिएको छ। प्रधानमन्त्री वालेन्द्र शाहले नयाँ दिल्लीसँग कूटनीतिक दूरी कायम राखिरहेको चर्चाका बीच भारतले लामिछानेलाई औपचारिक भ्रमणमा बोलाएर नेपाल सरकार र सत्तारूढ दलको दृष्टिकोण बुझ्न खोजेको देखिन्छ।

**कमलदेव भट्टराई** | *काठमाडौं*

विस्तृत पृष्ठ २

# प्रकृति संरक्षण कोषको बेथिति छानबिन सुरु



**गीताकुमारी चौधरी**
कृषि, वन तथा पर्यावरणमन्त्री एवं कोष अध्यक्ष



**डा. चिरञ्जीवीप्रसाद पोखरेल**
सदस्यसचिव

अन्नपूर्ण फलोअप

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नयाँ अध्यादेशसँगै राष्ट्रिय प्रकृति संरक्षण कोषको नेतृत्वमा फेरबदल भएको छ। अध्यादेश जारी भएसँगै कोषका तत्कालीन अध्यक्ष आदर्शकुमार श्रेष्ठ र सदस्यसचिव नरेश सुवेदी पदमुक्त भएका छन्। बेथितिको घानमा परेको कोषमा तत्कालीन संरक्षक एवं पूर्वप्रधानमन्त्री सुशीला कार्कीले जाँदाजाँदै आफ्ना स्वकीय सचिव श्रेष्ठलाई कोषको साँचो सुम्पिएर गएकी थिइन्।

असहज परिस्थितिमा निर्वाचन गराएर वाहीवाही कमाएकी तत्कालीन प्रधानमन्त्री कार्की जाँदाजाँदै विवादमा समेत तानिएकी थिइन्। श्रेष्ठ सम्बन्धित क्षेत्रका विषयविज्ञ होइनन्। सर्वोच्च अदालतमा सहायक स्तरको कर्मचारी रहेका उनी प्रधानन्यायाधीश रहँदा सुशीला कार्कीको विश्वासपात्र मानिन्थे। कार्की निकट भएकै कारण उनलाई प्रमुख स्वकीय सचिव नियुक्त गरिएको थियो। कोषको अध्यक्ष पद आफैंमा मन्त्रीको हैसियतको पद रहेको र यसका लागि यो क्षेत्रको आधारभूत ज्ञान हुनुपर्नेमा श्रेष्ठमा त्यो पनि नरहेको कारणसमेत बढी विवादित बनेको थियो।

सार्वजनिक पदाधिकारीको पदमुक्त सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशले श्रेष्ठका साथै सदस्यसचिव सुवेदीलाई पनि पदमुक्त गऱ्यो। श्रेष्ठको नियुक्ति बदर भएपछि कोषका संरक्षक एवं प्रधानमन्त्री वालेन्द्र शाह र पूर्वप्रधानमन्त्री सुशीला कार्कीमा तिक्तता पनि उत्पन्न गरायो।

कोषका संरक्षक एवं प्रधानमन्त्री वालेन्द्र शाहले कृषि, वन तथा पर्यावरणमन्त्री गीताकुमारी चौधरीलाई कोषको नयाँ अध्यक्षमा नियुक्त गरेका छन्। वनमन्त्री नै अध्यक्ष हुने परम्परा रहँदै आएको थियो तर गत भदौ २३ र २४ गतेको घटनापछि मन्त्री पदबाट हटे पनि नेपाली कांग्रेस मुगुका सभापति ऐनबहादुर शाहीले अध्यक्ष छोडेनन्। विगत परम्परा हेर्दा उनी शाही स्वत: नै पदमुक्त हुनुपर्ने थियो तर कोषकी तत्कालीन संरक्षक एवं प्रधानमन्त्री सुशीला कार्कीले उनलाई संरक्षण गरिन्। जसको बलमा शाहीले मनोमानी रूपमा सदस्यसचिव डा. सुवेदीलाई नियुक्त गरे। शाही र सुवेदी मिलेर कोषमा रजगज नै गरे।

मनपरी नियुक्ति, सरुवा, बढुवा जस्ता कार्यहरू गरे। त्यसपछि अध्यक्ष बनेका श्रेष्ठ पनि शाही र सुवेदीले थालेको बेथितिलाई बढावा दिने काम गरेको कोषका कर्मचारीहरू नै गुनासो गर्छन्। कोषलाई तहसनहस पार्दै आएको नेतृत्व एकैपटक फालिएपछि कर्मचारीहरूले राहतको सास फेरेका छन्। कोषको अध्यक्षमा पदभार ग्रहण गरेलगत्तै वनमन्त्री चौधरीले संस्थाकै डा. चिरञ्जीवीप्रसाद पोखरेललाई 'अर्को व्यवस्था नभएसम्मका लागि' सदस्यसचिवको जिम्मेवारी सुम्पेकी छन्। नयाँ सदस्यसचिव पोखरेल कोषका वरिष्ठ निर्देशक एवं नेपालका चर्चित बाघविज्ञ हुन्। उनलाई समेत अघिल्लो नेतृत्वले पेलेको कोषका कर्मचारीहरूको भनाइ छ।


कोषको सञ्चालक समितिमा नेपाल सरकारका ३ जना सचिवलाई समितिको सदस्यमा नियुक्त गरिएको छ। कृषि, वन तथा वातावरण सचिव डा. गोविन्दप्रसाद शर्मा, अर्थसचिव डा. घनश्याम उपाध्याय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिव मुकुन्दप्रसाद निरौला समितिको सदस्य मनोनीत भएका छन्।

राष्ट्रिय प्रकृति संरक्षण कोषको ऐनअनुसार अध्यक्षले नेपाल सरकारका ३ जना सचिवलाई कोषको सञ्चालक समितिमा नियुक्त गर्ने व्यवस्था छ। सञ्चालक समितिका अन्य १० जनाको नियुक्ति हुन बाँकी छ। जसमा अध्यक्षले नेपाल सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधिहरू मध्येबाट ३ जना, अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति मध्येबाट ४ जना, कोषका लागि उपयुक्त ठानिएका अन्य ३ जना गरी १० जना नियुक्त गर्न सक्ने व्यवस्था छ।

**बदलाभावका निर्णय बदर, बेथिति हटाउन निर्देशन**

विगतमा पूर्व सदस्यसचिव नरेश सुवेदीको कार्यकालमा कोषमा चरम बेथिति र राजनीतीकरण भएको भन्दै अन्नपूर्ण पोस्ट्ले समाचार प्रकाशन गरेको थियो।

» बाँकी पृष्ठ २




# किन क्रूर बन्दैछ नेपाली समाज

## देशभर जघन्य हत्याको शृंखला बढ्दो

**अजवी पौडयाल** | *काठमाडौं*

देशभर पछिल्लो समय जघन्य हत्या र अपराधका घटना चिन्ताजनक रूपमा बढिरहेका छन्। क्षणिक आवेग, पारिवारिक कलह, आर्थिक प्रलोभन र मानसिक तनावका कारण समाज दिनानुदिन क्रूर बन्दै गएको प्रहरी तथ्यांक र हालैका घटनाक्रमहरूले देखाउँछन्।

चालू आर्थिक वर्ष २०८२/८३ को सुरुदेखि चैत मसान्तसम्म मात्रै देशभर ६ हजार ३ सय ३७ ज्यानसम्बन्धी अपराधका घटना दर्ता भएका छन्। यस्तै, सोही अवधिमा ४ हजार ९ सय ५६ जनाले आत्महत्या गरेका छन्। गत वर्ष मात्रै ९ हजार ५५ वटा जघन्य कसुरसम्बन्धी घटना दर्ता भएका थिए।

**हालैका केही प्रतिनिधिमूलक जघन्य घटनाहरू**

घटना १ — **नाताभित्रै हत्या** (काठमाडौं): जेठ ८ गते शुक्रबार काठमाडौं-३२ नरेफाँटमा धनुषाका अभिषेक यादवले आफ्नै भान्जा करणकुमार शाहलाई धारिलो हतियार प्रहार गरी हत्या गरे।

घटना २ — **जंगलमा गाडिएको अवस्थामा शव** (काठमाडौं): वैशाख २१ गते शिवपुरी राष्ट्रिय निकुञ्जको फेदीमा तारकेश्वरकी ४५ वर्षीया सरिता तिवारी मृत भेटिइन्। वैशाख ११ देखि नै बेपत्ता भएकी उनको शव जंगलमा गाडिएको अवस्थामा फेला परेको हो। हत्या आरोपमा टोखाका ३५ वर्षीय अनिल डंगोल पक्राउ परेका छन्।

घटना ३ — **साथीभाइबाटै खुकुरी प्रहार** (कीर्तिपुर): वैशाख २३ गते दिउँसो करिब साढे २ बजे कीर्तिपुरको पोडेटोलमा गुल्मी धुर्कोटका विपिन घिमिरेको हत्या भयो। उनलाई चिनेजानेकै साथीहरूले बोलाएर पछाडिबाट खुकुरी प्रहार गरेका थिए। घटनामा संलग्न रहेको आरोपमा महेन्द्र शाह, रवीन्द्र धामी र रोशन विष्ट पक्राउ परेका छन् भने एक जना फरार छन्। विष्ट यसअघि पनि विभिन्न कसुरमा प्रहरी हिरासतमा परेका थिए।

घटना ४ — **होटलमा रहस्यमय मृत्यु** (बारा): वैशाख २५ गते बारा निजगढस्थित एक होटलमा निजगढ-१२ की सीता थिङ मृत भेटिइन्। घाइते अवस्थामा फेला परेकी उनलाई अस्पताल लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए। उनीसँगै होटलमा बसेका युवक भने फरार छन्।

घटना ५ — **व्रतबन्ध कार्यक्रममा हत्या** (बाँके): बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१२ बेलासपुरमा व्रतबन्ध कार्यक्रममा गएका २२ वर्षीय विशालचन्द्र ठकुरीको हत्या भएको छ। वैशाख २२ गते बिहान करिब २ बजे सामान्य विवाद हुँदा उनीमाथि बोतल प्रहार गरिएको प्रहरीले जनाएको छ।

घटना ६ — **लुटपाटका लागि वृद्ध दम्पतीको हत्या** (नवलपरासी): नवलपरासीको देवचुली-१६ टाँडीकोटमा चैत २२ गते ७५ वर्षीय जीवनराम थनेत र ७० वर्षीया गुलाबसनिया थनेत आफ्नै घरमा मृत भेटिए। लुटपाटका क्रममा दम्पतीको हत्या गरेको आरोपमा बागलुङ गलकोटका ३१ वर्षीय सञ्जय विक पक्राउ परेका छन्। उनी यसअघि पनि हत्या मुद्दामा जेल परेका र पछि कारागारबाट भागेका व्यक्ति भएको प्रहरीको भनाइ छ।

घटना ७ — **घरेलु हिंसा र पुरानो विवाद** (गुल्मी/नुवाकोट): वैशाख २९ गते गुल्मीमा श्रीमान्को कुटपिटबाट श्रीमती एमी कुमालको मृत्यु भयो। उता नुवाकोटमा पुरानो विवादका क्रममा छिमेकीद्वारा हत्या गरिएका दुई दाजुभाइको शव फेला परेको प्रहरीले जनाएको छ।

**किन बढ्दै छन् यस्ता घटना ?**

समाजमा दण्डहीनता बढ्दै जानु, शान्ति सुरक्षाको अवस्था कमजोर हुनु र साना-साना विवादमै ज्यान लिने प्रवृत्तिका कारण घटनाहरू बढेको सरोकारवालाहरू बताउँछन्।

» बाँकी पृष्ठ २